# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-३ | अंक-२५ | २०७५ पौष २५ गते बुधबार | 9 January 2019 Wednesday | मूल्य रु. १०/-



कुनै पनि तवरको अन्धविश्वासमा नलागौं । रोग लागेमा स्वास्थ्य केन्द्र जाने बानी बसालौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


# मुहार फेर्दै कर्णाली करिडोर

**मिसन न्यूज**

**कालिकोट**-राष्ट्रिय गौरवको आयोजनाको रुपमा घोषित कर्णाली करिडोरले मुहार फेर्ने भएको छ । बहुचर्चित आयोजना कर्णाली करिडोरमा गाडि गुड्न थालेपछि चहलपहल पढ्न थालेको हो । कर्णाली करिडोरको तिव्र विकासले कर्णाली समृद्धीको यात्रामा अघि बढेको जानकारहरुको बुझाइ छ ।

करिडोर तिब्रगतिमा निर्माण कार्य गरिरहेकोमा स्थानियवासीले नेपाली सेनाको प्रसंशा गरेका छन् । विगतको कर्णाली करिडोरमा बजेटको अभावसंगै ठेकेदारको चरम लापरबाही र समयमा काम नगर्दा बजेट फ्रिज जाने समस्याले ग्रसित थियो । रुपैडिया-हिल्सा सडक खण्ड अन्तर्गत कालिकोटको खुलालु–हुम्ला सिमीकोट सडक विस्फोटनसहित निर्माणको जिम्मा नेपाली सेनालाई दिएपछि काममा तीव्रता आएको हो । नेपाली सेनाले सडक निर्माणको जिम्मा लिएपछि जिल्लाको कर्णाली पारिका साविकका १७ गाविससहित बाजुरा, मुगु र हुम्लाबासीको गाडि चढ्ने सपना पुरा हुँदैछ । कर्णाली करिडोर अन्र्तगत कालिकोटमा ४० किलोमिटर, बाजुरा जिल्लामा ४३ किलोमिटर र हुम्लामा १ सय १३ किलो मिटर सडक रहेको छ । बाँकेको जमुनाहसम्म उत्तर दक्षिण जोड्ने सबैभन्दा छोटो दुरीको सडक बन्नेछ । भारतको रुपैडीया देखि



कर्णाली करिडोर अन्तर्गत नेपाली सेनाले ट्रयाक खोलेको कालिकोटका सिलाजु भिर ।

बि.स.२०५७ सालमा नेपाल सरकारकाले सडक निर्माणको काम सुरुवात गरेको थियो । कालिकोटको खुलालुदेखि हुम्लाको सिमिकोटसम्मको १९२ किलोमिटर सडकको लम्बाइ रहेको सडक विभागले जनाएको छ । कर्णाली करिडोरले चिनसँगको सिमाना जोडिएको हुम्लाको हिल्सादेखि भारतसँग सिमाना जोडिएको हुम्लाको हिल्सासम्मको कुल लम्बाई ५ सय २६ किलोमिटर रहेको नेपाली सेनाले जनाएको छ । सडक खण्ड निर्माण भए भारतबाट हुम्लाको मानसरोवर आउने पर्यटकका लागि निकै राम्रो र छोटो दुरीको कर्णाली राजमार्ग हुनेछ । सडक निर्माण भए पर्यटन र व्यापारका

**बाँकी ८ पृष्ठमा.....**

## खाडामा राहत संकलन

**मिसन न्यूज**

**कालिकोट**-खाडा आगलागीपीडितलाई सहयोगको नाममा सामाजिक सञ्जालभरि राहत संकलन र सहयोग घोषणा देख्न पाइन्छ । कालिकोट र जुम्लाका करिब दर्जन स्थानीय तहले पनि प्रेस विज्ञप्तिमार्फत नगद सहयोगको निर्णय सार्वजनिक गरेका छन् । कर्णाली प्रदेश सरकारले प्रतिपरिवार २० हजार र संघीय सरकारले प्रतिपरिवार ४० हजार दिने आश्वासन दिएका छन् । तर, सहयोग रकम पीडितको हातमा पुग्न सकेको छैन । कुनै पनि घटना हुँदा सरकार होस् वा निजी तथा गैरसरकारी क्षेत्र, सबैले तत्काल सहयोगको प्रतिबद्धता व्यक्त गर्छन् । व्यक्तिगत रूपमा समेत सहयोग घोषणा गर्नेको लामै लर्को लाग्ने गर्छ । तर, घटना पुरानो हुँदै जाँदा सहयोगको प्रतिबद्धता व्यक्त गर्नेहरू आफ्नो वाचा बिर्सिन्छन् । कर्णाली प्रदेशमा पछिल्लो एक वर्षमा भएका ठूला आगलागीका घटनामा यही प्रवृत्ति दोहोरिएको छ । सरकार स्वयंले गरेको घोषणासमेत पूरा नहुँदा पीडितको मन झन् कुँडिने गरेको छ । 'मान्छेको जीवन आश्वासनले मात्र चल्दोरहेनछ, घोषणा गरिएको सहयोग पाएको भए हामी अहिलेसम्म आफ्नै घरमा बसिसक्ने थियौं,' किम्रीगाउँका आगलागीपीडित लामाले भने, 'तर, अहिलेसम्म आश्सासनबाहेक केही पनि पाएनौं ।' अर्कोतिर, आगलागीपीडितका लागि विभिन्न संघसंस्था, व्यक्तिले संकलन गरिरहेको राहत दुरुपयोगको पनि उत्तिकै सम्भावना बढेको छ । खाडा आगलागीपीडितका लागि सुर्खेत, कालिकोट, जुम्लालगायत ठाउँमा राहत संकलन भइरहेको छ । 'राहतका लागि सहयोग संकलन गरिरहेको हेर्दा त राम्रै देखिन्छ तर कहाँ कसले कति रकम संकलन गऱ्यो भन्ने नै थाहा छैन,' सुर्खेतमा राहत संकलन गरिरहेका एक निजी क्षेत्रका व्यक्तिले भने, 'सस्तो लोकप्रियताका लागि हुने यस्तो कार्यमा पारदर्शिता र नियमन अभावले दुरुपयोगको सम्भावना उत्तिकै छ ।'

# ८१ वर्षको उमेरमा पहिलो पटक नागरिकता

**मिसन न्यूज**

**कालिकोट** - खाँडाचक्र नगरपालिका-४ निवासी रिउका कामीले ८१ वर्षको उमेरमा नेपाली नागरिकताको प्रमाणपत्र लिएकी छन् । सदरमुकाम मान्मकी बासिन्दा भए पनि परिवारका सबै सदस्यसँगै भारतको हिमाञ्चल बस्दै आएकाले यसअघि नागरिकता लिन पाएकी थिइनन् । रिउकाले पहिलो पटक ८१ वर्षको उमेरमा नेपाली नागरिकतासँगै मतदाता नामावलीमा पनि नाम दर्ता गराइन् । छोरा मोतीका अनुसार लामो समयदेखि भारतमा बसेकाले नागरिकता लिने अवसर नमिलेको हो । नागरिकता नहुँदा यसअघि बृद्धभत्ता



८१ वर्षीया रिउकालाई नागरिकता हस्तान्त्रण गर्दै सहायक प्रमुख जिल्ला अधिकारी ।

लगायत नेपाली नागरिकले पाउने सेवा सुविधाबाट बञ्चित रहेको मोती बताउँछन् । एक महिनाअघि नेपाल आएको मौकामा नागरिकता लिएको रिउकाले बताएकी छन् । मंगलबार सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार दुलालले नागरिकताको

**बाँकी ८ पृष्ठमा.....**

# कर्मचारी व्यवस्थापन संघीयतामा

**मोहोनकुमार घिमिरे**

देशको समसामयिक राजनीतिमा नयाँ संविधान कार्यान्वयनको सवाल अत्यन्तै पेचिलो मुद्दाको रूपमा देखापरेको छ । मुलुकको राजनीति संविधान कार्यान्वयनको वरिपरि रुमल्लिरहेको छ । संविधान कार्यान्वयनसँगै व्यवस्थापन गरिनुपर्ने अर्को प्रमुख विषय हो, संघीय शासन व्यवस्थामा निजामती प्रशासन । संघीयता कार्यान्वयनसँगै यसको कुशल र प्रभावकारी व्यवस्थापन हुन नसकेको खण्डमा मुलुक दीर्घकालीन संकटमा फस्न सक्छ । वास्तविक अर्थमा मुलुकको मियो सेवाका रूपमा क्रियाशील निजामती प्रशासनको मितव्ययी, पारदर्शी, सबल, कुशल र प्रभावकारी व्यवस्थापनमार्फत नै संविधान र संघीयता दुवैको कार्यान्वयन सम्भव छ ।

आजसम्मको काम कारबाही र प्रयास हेर्दा संघीय शासन व्यवस्थाअनुरूप निजामती सेवाको व्यवस्थापनमा लाग्न ढिलो भइसकेको देखिन्छ । संघीयतामा निजामती सेवाको व्यवस्थापन तथा समायोजन गर्दैगर्दा नजरअन्दाज गर्न नसकिने र भुल्न नमिल्ने साझेदार पात्रहरू भनेको यसका आमसदस्य तथा उनीहरूको भूमिका र आवाज हो । संघीयताको प्रभावकारी व्यवस्थापनका खातिर आमनिजामती कर्मचारीले के-कस्तो भूमिका निर्वाह गर्नुपर्ने हो, सरकारले स्पष्ट पार्नुपर्छ भने व्यवस्थापनले पनि आमकर्मचारी के चाहन्छन् भन्ने विषयलाई कमजोर आँक्न हुँदैन । भोलि कार्यक्षेत्रमा खटिएर जनसेवा गर्नुपर्ने कर्मचारीको मनोबल कमजोर पारेर मुलुकले निर्धारण गरेको लक्ष्य हासिल गर्न कठिन हुन्छ । आमकर्मचारीका तर्फबाट पनि मुलुक र जनताले धान्नैनसक्ने पद्धति अवलम्बन हुनुपर्छ भनेर नाजायज माग राख्नु पनि बेइमानी हुन जान्छ । हामी हाम्रा लागि बिल्कुलै नवीन शासन पद्धतिको सुरुवातमा छौं । संघीय शासन व्यवस्थाको अनुभव लगभग शून्य रहेको अवस्थामा हामीले अन्य मुलुकको अभ्यासको अध्ययन गरी नेपाली माटो र जनता सुहाउँदो तथा आर्थिक रूपले दीगो व्यवस्थापन गर्न सक्ने किसिमको मितव्ययी निजामती प्रशासन निर्माण गर्नु अत्यावश्यक छ ।

यसका लागि सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी व्यवस्थापनको खाका के-कस्तो बनाउन सकिन्छ भनेर काम भइरहेको छ । यो विषय आमनिजामती कर्मचारीसँग अन्तर सम्बन्धित भएको हुँदा स्वाभाविक रूपमा निजामती क्षेत्रमा क्रियाशील ट्रेड युनियनको समेत ध्यानाकर्षण भइरहेको छ । हामी ट्रेड युनियनकर्मीले सर्प पनि मर्ने लाठी पनि नभाँचिने हिसाबले सर्वस्वीकार्य व्यवस्थापनका लागि सरकारलाई सहयोग गर्नुपर्छ । संघीयतामा निजामती प्रशासन व्यवस्थापनलाई व्यक्तिगत विषय बनाउनु हुँदैन । निजामती कर्मचारी व्यवस्थापनका सन्दर्भमा योग्यता प्रणालीको मूल मर्मलाई शिरोधार्य गर्नुपर्छ । हामीले मुलुकको कानुन, विधि र पद्धति अंगीकार गर्दै व्यवस्थापनमा जुट्नुपर्छ । निजामती सेवालाई गिलो माटोका रूपमा लिएर यसलाई गिजोल्दै आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न तल्लीन वर्गप्रति चनाखो भएर खबरदारी गर्न नसके निजामती कर्मचारीले दुःख पाउने मात्र हैन, मुलुक र जनताले समेत अनाहकमा कष्ट व्यहोर्नुपर्ने हुन्छ । अहिले नेपालको केन्द्रीय निजामती प्रशासनअन्तर्गत करिब ८२ हजार निजामती कर्मचारी (स्वास्थ्य सेवासमेत) कार्यरत रहेको अवस्था छ । त्यसमध्ये १५ हजारको हाराहारीमा अधिकृतस्तरका कर्मचारी र बाँकी करिब ६७ हजार सहायकस्तर तथा श्रेणीविहीन कर्मचारी छन् । भोलिका दिनमा कर्मचारी व्यवस्थापन गर्ने महत्वपूर्ण आधारका रूपमा यही संख्यालाई लिनुपर्ने हुन्छ । एउटा आदर्श निजामती सेवामा कुल जनसंख्याको एकदेखि दुई प्रतिशतसम्म कर्मचारी रहनु राम्रो मानिन्छ ।

यस हिसाबले हाम्रो संख्या र सामर्थ्य दुवैको विषयमा बहस हुनुपर्ने आवश्यकता छ । हिजोको केन्द्रीकृत राज्य व्यवस्थाअन्तर्गत निजामती सेवामा प्रवेश गरेको कर्मचारीलाई समायोजनका नाममा जबरजस्ती हैन कि उत्प्रेरित भई प्रदेश तथा स्थानीय तहमा काम गर्न जाने वातावरण निर्माण गर्नु वाञ्छनीय हुन्छ । नेपालको संविधानको धारा ५७ बमोजिम बाँडफाँट गरिएको अनुसूची ५ अनुसार संघको अधिकार, अनुसूची ६ अनुसार प्रदेशको अधिकार, अनुसूची ७ अनुसार संघ र प्रदेशको साझा अधिकार, अनुसूची ८ अनुसार स्थानीय तहको अधिकार एवं अनुसूची ९ अनुसार संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारलाई अध्ययन विश्लेषण गरी प्रत्येक तहको सरकारलाई आवश्यक पर्ने कर्मचारी संख्या वस्तुगत र वैज्ञानिक आधारमा तय गर्नुपर्छ । त्यसैगरी संघमा रहने मन्त्रालय तथा केन्द्रीय निकाय, प्रदेशमा रहने मन्त्रालय तथा अन्य प्रादेशिक निकाय र स्थानीय तहको सरकारका लागि आवश्यक पर्ने कर्मचारी संख्या एवं त्यस्ता निकायको कार्य विश्लेषण गरी आवश्यक उपयुक्त जनशक्ति निर्धारण गर्नु अपरिहार्य हुन्छ । संघीयता भनेको वास्तविक मानेमा जनताको नजिकको इकाइमा रहने सरकारद्वारा शासन गर्ने पद्धति हो । यदि जनताको नजिकको सरकारद्वारा शासन गर्ने नै हो भने त्यस्तो सरकारका लागि आवश्यक पर्ने जनशक्ति ऊ स्वयंबाट नियुक्त हुनुपर्छ । केन्द्रबाट जबरजस्ती थोपरेर हुँदैन । संघीयता भनेको अधिकारको देखावटी बाँडफाँट मात्र हैन, यो त शासनको अधिकतम विकेन्द्रित व्यवस्था पनि हो ।

केन्द्रीकृत शासनपद्धतिअन्तर्गतका विधायिकी, न्यायिक, वित्तीय, व्यवस्थापकीय र प्रशासनिक कार्यलाई संविधानबमोजिम नै प्रदेश तथा स्थानीय तहमा गरिने हस्तान्तरण पनि हो । प्रत्येक तहको सरकारले आफूले बनाएको कानुनबमोजिम शासनको अभ्यास गर्न सक्छ भने स्वाभाविक रूपमा उसलाई आवश्यक पर्ने जनशक्तिसमेत स्वयं उसैले छनोट र नियुक्ति गर्न पाउनुपर्छ । यस्तो अवस्थामा केन्द्रबाट जबरजस्ती समायोजन गरेर पठाइदिएका कर्मचारीको अपनत्वको सवाल गम्भीर रूपमा उठ्न सक्छ । त्यस्ता कर्मचारीबाट प्रवाह हुने सेवा र प्राप्त हुने नतिजा जवाफदेही र जनमैत्री नभएको अवस्थामा त्यसको जिम्मेवारी कर्मचारीको अलावा कुन तहको सरकारले लिने भन्ने प्रश्न अगाडि देखिनेछ । जसले संघ र प्रदेश एवं संघ र स्थानीय तहको सरकारबीच विवाद सिर्जना नहोला भन्न सकिन्न । संघ तथा प्रादेशिक निकायद्वारा सम्पादन हुने कार्यको विश्लेषण गरी नतिजाका आधारमा प्रशासन, राजस्व, न्याय, कृषि, इन्जिनियरिङ, वन, स्वास्थ्य, लेखापरीक्षणजस्ता विशिष्टीकृत सेवा गठन गरेर उत्कृष्ट जनशक्तिको व्यवस्थापन सुनिश्चित हुने गरी कानुनी एवं व्यवस्थापकीय प्रबन्ध गर्नुपर्ने देखिन्छ

## सातको भाग्यफल

**मेष** : प्रारम्भमा स्वास्थ्यमा कमजोरी र व्यावहारिक कठिनाइ देखा पर्नाले काममा बाधा पुग्न सक्छ । तापनि मिहिनेतले उपलब्धि दिलाउनेछ ।

**वृष** : प्रारम्भमा अप्ठ्यारो परिस्थितिलाई आत्मसात् गर्दै अघि बढ्नुपर्ला । विवादास्पद काममा जुट्नुपर्दा मन खिन्न रहनेछ ।

**मिथुन** : सुरुमा विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि सकारात्मक परिणामले उत्साह जगाउनेछ । व्यावसायिक काममा राम्रो फाइदा हुनेछ ।

**कर्कट** : पुरुषार्थले अवसर दिलाउनेछ भने प्रतिस्पर्धीहरू पछि पर्नेछन् । चिताएका काम बन्नाले आम्दानी बढ्नेछ ।

**सिंह** : प्रारम्भमा अवसरभन्दा ठूलो चुनौती देखापर्न सक्छ । खानपानको अनिमियतताले स्वास्थ्य कमजोर रहनेछ । अध्ययनमा पनि समय दिन नसकिएला ।

**कन्या** : आफन्तहरू नजिकिए पनि परिस्थिति आफ्ना लागि अलि प्रतिकूल रहने समय छ । काम बिग्रने भयले सताउन सक्छ ।

**तुला** : विशेष अवसर प्राप्त हुनाले ठूलै काम आँट्न सकिनेछ । दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ । पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ ।

**वृश्चिक**: प्रारम्भमा काम दोहोर्याउनुपरे पनि मिहिनेतले उत्साह जगाउनेछ । आर्थिक रूपमा मनग्गे फाइदा हुनेछ । जुझारू कार्यशैलीले विशेष अवसर दिलाउनेछ ।

**धनु** : विभिन्न अवसरका साथै शुभचिन्तकहरूको सहयोग जुट्नाले चिताएको काम सम्पादन हुनेछ । लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउनेछ ।

**मकर** : प्रारम्भमा केही खर्चिलो काममा लगानी गर्नुपर्ला । तत्कालै फाइदा नहुने काममा जुट्नुपर्ने हुन सक्छ । आर्थिक अभावले पनि सताउने देखिन्छ ।

**कुम्भ** : सुरुमा आयआर्जन राम्रो हुनेछ । व्यापारमा लाभांश बढ्नेछ भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । सहयोगीहरू फेला पर्नेछन् ।

**मीन** : प्रारम्भमा तारिफयोग्य काम गरेर अवसर हात पार्ने समय छ । आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।

**'भ्रष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

# बालबालिकाको पीडा- झोला र कापी पाइयो, किताब कसले देला ?

**बिस्नप्रसाद न्यौपाने**

**कालिकोट** - कालिकोट जिल्लाको पलाँता गाउँपालिका- १ खाडाका अग्नी पीडित बालकालिका यतिबेला किताबको अभाव झेलिरहेका छन् । उनीहरुलाई विभिन्न व्यक्ति तथा संस्थाबाट लगाउने कपडा, स्कुल जाँदा बोक्ने झोला, कापी, कलम वितरण गरेका छन् । तर पढ्नका लागि बालबालिकाले किताब पाउन सकेका छैनन् ।

उनीहरु झोलामा कापी मात्र बोकेर विद्यालय जान बाध्य छन् । आगलागीमा सबै शैक्षिक सामग्री गुमाएकी खाडाकी कक्षा ६ की छात्रा भगवती न्यौपानेले भनिन्,' कापी, कलम र झोला त पायौं । अब किताब कसले देला ?' उनी खाडामै रहेको गणेश आधारभुत विद्यालयमा पढ्दै आएकी छन् । गत आइतबार राति गाउँमा आगलागी भयो । उनको घर पनि त्यसै आगलागीमा खरानी भयो । उनको परिवार अहिले विस्थापित भएको छ । उनको शरीरमा लगाउने कपडादेखि विद्यालयको ड्रेस, कापी कलमलगायतका सबै शैक्षिक सामग्रीहरु पोलिएका थिए । अहिले उनी झोलामा कापी र कलम मात्र हालेर विद्यालय जान थालेकी छन् । स्थानीय रत्नचन्द्र न्यौपानेकी जेठी छोरी भगवतीले कक्षा पाँचमा पढ्ने एक भाइ र कक्षा २ र ३ मा पढ्ने दुई बहिनी पनि झोलामा कापी र कलम बोकेर विद्यालय जान थालेको बताइन् । विद्यालय त जान थालियो। किताब छैन। सरले दिएको गृहकार्य गर्न पनि समस्या छ । घरमा पढ्नका लागि पनि किताब छैन । किताब बिना कसरी पढ्ने होला ?' यो समस्या भगवती न्यौपानेका चार भाइ बहिनीको मात्र होइन् । खाडाका विद्यालय उमेरका १ सय ३० जना बालबालिकाको पीडा उस्तै छ । खाडास्थित गणेश आधारभुत विद्यालयका प्रधानाध्यापक सर्पनन्द न्यौपानेले भने, 'प्रारम्भिक बालविकास केन्द्रमा अध्ययन गर्नेदेखि १२ कक्षासम्म अध्ययन गर्ने बालबालिका झोलामा कापी र कलम हालेर विद्यालय जान थालेका छन् । अब किताबका लागि गाउँपालिकाले पहल गरिदियोस् ।' उनका अनुसार खाडास्थित गणेश आधारभुत विद्यालयमा रहेको प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययन गर्ने ३९ छात्रा, ३५ छात्र गरी कुल ७४ जना बालबालिका किताब बिनै विद्यालय जान थालेका छन् । यस्तै पलाँता गाउँपालिका-२ मा रहेको राडुनेटा माविमा पढ्दै गरेका खाडाका ५६ जना बालबालिका पनि किताब बिनै विद्यालय जान थालेका छन् । शिक्षक न्यौपानको अनुसार राडुनेटा माविको कक्षा ९ देखि १२ सम्म

बाँकी ४ पृष्ठमा..



अग्नी पीडित खाडाका बालबालिकालाई सोसेक नेपाल दैलेख झोला वितरण गर्दै ।


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## बालबालिकाको पीडा- झोला र कापी .....

अध्ययन गर्ने ५६ जना बालबालिकालाई न ड्रेस छ । न किताब छ । उनीहरु घरायसी ड्रेस र कापी कलम लिएर विद्यालय जान बाध्य छन् । विद्यालयका प्रअ न्यौपानेले भने, दैलेखको सामाजिक सेवा केन्द्र सोसेक, हेल्प लाइन, समाजसेवी युवा दिलबहादुर कठायत, केशव कठायत लगायत चाईनामा रहेका नेपाली, सेभ द चिल्डेनलगायतका नियकायले शैक्षिक सामग्रीहरु वितरण गरेका छन् ।

सोसक नेपालबाट हिरासिंह थापा, सिता राना, कल्पना थापा लगायतको टिम पलाँता पुगेर १ सय १६ जना बालबालिकालाई झोला वितरण गरेको छ । यस्तै चाईनाका व्यपारीको तर्फबाट केशव कठायत खाडा पुगेर विद्यार्थीलाई सुइटर, कापी कलम वितरण गरेको थिए । यस्तै किर्डाक पलाँता गाउँपालिका उपाध्यक्ष दानदेवी न्यौपानले बालबालिकालाई किताब उपलब्ध गराउन पहल भइरहेको बताइन् । उनले भनिन्, 'अब बालबालिकालाई ड्रेस र किताब आवश्यक छ । प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीले विभिन्न संघ संस्थाद्वारा कापी, कलम, झोला, ड्रेस वितरण भइसकेको र किताबका लागि पहिल पहल भइरहेको बताए । उनले तत्कालै विद्यार्थीको हातमा किताब पुर्याउने बताए ।


**पचालझरनाको सन्देश**

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

पचालझरना गाउँपालिका
कालिकोट



**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कालिकोट



व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
s fln s f6


# स्वास्थ्य

## खाली पेट नखानुस् यी खानेकुरा

अहिले धेरैजसो मानिस स्वास्थ्यप्रति सचेत छन् । मानिसहरू स्वस्थकर खानेकुरामा ध्यान दिन थालेका छन् । तर, स्वस्थकर खानेकुरा खाँदैमा स्वस्थ भइन्छ भन्ने हुँदैन । यसका लागि खानपानको तौरतरिका तथा समय मिलाउनु पनि जरुरी हुन्छ । नत्र स्वस्थकर खानेकुराले पनि नोक्सान पुर्‍याउँछ । जानकारहरूका अनुसार यी खानेकुरा खाली पेट खानु हुँदैन ।



**केरा**-केरा पौष्टिक आहार भरिपूर्ण फल मानिन्छ । यसमा आइरन र पोटासियम को मात्रा बढी हुन्छ । तर, बिहान खाली पेट खायो भने यो खतरनाक पनि हुन सक्छ । चिकित्सकका अनुसार विशेषगरी माइग्रेन र एसिडिटीका बिरामीले केरा खाली पेट खानु हुँदैन । किनकी खाली पेट केरा खाँदा एसिडिटी बढाउँछ ।

**अमिला फलफूल**-अमिला फलफूल अधिकांशले रुचाउँ छन् । तीमध्ये सुन्तला त धेरैको प्रिय मानिन्छ । तर, खाली पेट खायो भने मानव शरीरका लागि 'विष' बन्न सक्छन् । त्यसकारण अमिलो फलफूल खाली पेट खानुको सट्टा नास्ता गरेर खानु उपयुक्त हुने जानकार बताउँछन् ।

**दही**-दही पेटका लागि निकै उपयोगी खानेकुरा हो । गर्मी मौसममा त यो निकै फाइदा जनक हुन्छ । तर, खाली पेट दही खायो यसको पौष्टिक तत्व शरीरले पाउँदैन । एसिडिटी उत्पन्न हुन्छ ।

**चियारकफी**-चिया वा कफी पिउनु नेपाली संस्कृति नै बनेको छ । त्यससँगै निद्रा हटाउन पनि मानिसहरूले प्रायः चिया वा कफी पिउने गरेको पाइएको छ । यसले शरीरलाई 'रिलाक्स' अनुभव गराउँछ । तर, खाली पेट चिया वा कफी पिउँदा शरीरलाई फाइदा होइन, नोक्सान गराउँछ । खाली पेट चिया वा कफी पिउँदा शरीरमा एसिडिटीको मात्रा बढाउने चिकित्सकहरू बताउँ छन् । उनीहरूका अनुसार चिया-कफीमा भएको कैफिन वा निकोटिनबाट एसिड बन्छ । यसले पाचन प्रणालीमा असर पुर्‍याउँछ ।

**मसालेदार खाना**-अधिकांशले खानामा अत्यधिक मसला प्रयोग गर्छन् । यसले खाना त मिठो बनाउँछ । तर, स्वास्थ्यमा प्रतिकूल असर पार्छ । चिकित्सकका अनुसार मसालेदार खानेले शरीरमा एसिडको मात्रा बढाउँछ ।


**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method)
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय
कालिकोट

# आधुनिकतातर्फ राउटे समुदाय

**मिसन न्यूज**

**सुर्खेत** - सिकार र कन्दमूलको भरमा जीवन धान्दै आएको लोपोन्मुख राउटे समुदाय आधुनिकताप्रति आकर्षित बन्दै गएको छ । जंगलमा फिरन्ते जीवन बिताउने राउटे समुदाय सामाजिकीकरण तर्फ उन्मुख हुन थालेका हुन् । यो समुदायले जंगललाई नै आफ्नो घर मान्दै आएको थियो । दशकदेखि सरकारी तथा गैरसरकारी क्षेत्रबाट भएका थुप्रै प्रयास का कारण राउटे समुदायले पनि आधुनिक समाजलाई स्विकार्न थालेको छ ।

उनीहरू विस्तारै आधुनिक समाजमै जीविकोपार्जन गर्ने बाटोतिर अग्रसर हुँदै छन् । कुनै बेला रुपैयाँ छोए पाप लाग्छ भन्ने जंगलको राजा राउटे जाति अहिले बस्ती मा पुग्ने जो-कोहीसँग पैसा माग्छन् । आफूले पाउने सामाजिक सुरक्षा भत्ता र खाद्यान्न सरकारले कहिले पठाउँछ ? भन्दै बस्तीमा पुगेका अन्य नागरिकलाई फोन गरिदिनसमेत आग्रह गर्छन् । स्थानीय तह र प्रदेश सरकारले नै उनीहरूलाई स्थायी रूपमा बसोबास गराउन नीति तथा कार्यक्रम ल्याउन थालेका छन् । 'जंगलमा खानेकुरा पाइदैन, हामीले बनाएका काठका भाँडा पनि बिक्री हुन छाडेका छन्', राउटे मुखिया सूर्यनारायण शाहीले भने, 'खान र बस्न संकट भए पनि मेरा जनता अरू नागरिकसरह जीवन बिताउनतर्फ लागेका छन्, अहिले नै एकै ठाउँमा



आफ्नो समुदायका समस्या राख्दै राउटे मुखिया सूर्यनारायण शाही ।

बस्दैनौं तर विस्तारैहामी पनि तपाईंहरूजस्तै लाउने र खाने हुनेछौं ।' एक सय ४५ जनसंख्या रहेको राउटे समुदाय सुर्खेतको लेकबेंसी नगरपालिका-१ रातेखोलामा बस्दै आएको छ । यसअघि उनीहरूलाई दैलेखको गुराँस गाउँपालिकाले आफ्ना नागरिकका रूपमा परिचयपत्र वितरण गरिसकेको छ। यस्तै, गाउँपालिकाले उनीहरू बसिरहेकै स्थानमा पुगेर प्रतिव्यक्ति मासिक दुई हजारका दरले सामाजिक सुरक्षा भत्तासमेत उपलब्ध गराउँदै आएको छ ।

**राउटे बस्तीमा सामूहिक भोज**

सामाजिक विकास मन्त्रालयले आधुनिक समाजसँग घुलमिल गराउन शनिबार राउटे बस्तीमा सामूहिक भोज गरेको छ । रातेखोलामा वीरेन्द्रनगरबाट लगिएको खाना सामूहिक भोज गराइएको हो । प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, गुराँस गाउँपालिका र सामाजिक सेवा केन्द्र सोसेक दैलेखबाट गएको टोलीले राउटे बस्तीलाई राहत प्रदान गर्दै सामूहिक भोजसमेत खुवाएका छन् ।'स्वच्छ, स्वस्थ खानाका साथै आधुनिक समाजसँग सम्बन्ध बढाउनका लागि भोज खुवाइएको हो', मन्त्रालयका सचिव डा. मानबहादुर विकेले भने । कर्णाली प्रदेश सरकारले राउटे समुदायलाई स्थायी रूपमै उनीहरूको बसोबासको व्यवस्थापन गर्ने अभियान थालेको छ । एकैपटक सम्भव नभए पनि उनीहरूलाई विस्तारै आधुनिक समाजमा घुलमिल गराउँदै जंगलबाट एउटा स्थायी ठाउँमा राख्ने योजना बनाएको छ ।

सामाजिक, सांस्कृतिक सुरक्षासहितको स्थायी बसोवासको व्यवस्थापन मिलाउने योजना रहेको सचिव डा. मानबहादुर विकेको भनाइ छ । वर्षौंदेखि जंगलमै फिरन्ते जीवन बिताउने राउटे समुदायलाई एकै पटक स्थायी बासिन्दा बनाउन नसकिने भएकाले उनीहरूसँग नजिकिँदै सामाजिकीरण गर्ने अभियान थालिएको उनले बताए । उनले भने, 'हामीले उनीहरूलाई एकैपटक टहरोमा ल्याउन सक्दैनौं तर त्यसभन्दा पहिले जंगलमा बस्दा हुने बेफाइदाबारे बुझाउन अति आवश्यक छ ।

बाँकी ८पृष्ठमा....


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ,गरिबी न्यूनिकरण गरौँ ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## शेख हसिनाले प्रधानमन्त्रीको सपथ लिंदै



**ढाका-** बंगलादेशको नयाँ प्रधानमन्त्रीका रुपमा शेख हसिनाले सोमबार पद तथा गोपनीयताको सपथ लिंदै छिन् । गत डिसेम्बर ३० मा सम्पन्न निर्वाचनबाट उनको दलले संसदमा बहुमत हासिल गरेसँगै हसिना पुनः प्रधानमन्त्री बन्न लागेकी हुन् । शेख हसिनासँगै नयाँ मन्त्रिपरिषदको पनि सोमबार नै सपथ हुनेछ । बंगलादेशका राष्ट्रपति अब्दुल हमिदले शेख हसिनालाई सरकार गठन गर्न औपचारिक आमन्त्रण गरेका छन् । प्रधानमन्त्रीका रुपमा शेख हसिनाको यो लगातार तेस्रो कार्यकाल हुनेछ । यसैबीच, जातीय औक्या फ्रन्टले प्रधानमन्त्रीको सपथ कार्यक्रम बहिस्कार गर्ने जनाएको छ । मुख्य प्रतिपक्षी बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी) र यसको गठबन्धनले चुनावी परिणाम अस्वीकार गर्नुका साथै स्वतन्त्र सरकार को नेतृत्वमा नयाँ निर्वाचन गराउन माग गरेको छ । बंगलादेशको नयाँ संसदको अधिवेशन भने जनवरी २८ देखि सुरु हुनेछ ।

# ज्ञानमाला

१) SEE को पुरा रुप के हो ?
-Secondary Education Exam
२) नेपाल बैंक को स्थापना कहला भयको थियो ?
- वि.स १९९४ कार्तिक ३०
३) हाल नेपालको कति जिल्ला सदरमुकाम मा बाटोको पहुच पुगेको छ ?
-७६
४) नेपालमै पहिलो पटक ह्याकर्हरुको सम्मेलन कहिले भयको थियो ?
-वि.स २०७५ मंगसिर ६ र ७
५) अन्तरास्ट्रिय अभियानको रुपमा लैगिक हिँसा बिरुद्दको १६ दिने अभियान कहिले मनाउने गरिन्छ ?
- नोभेम्बर २५ - डिसेम्बर १०
६) दैनिक रेडियो नेपालले कति समय सेवा प्रवाह गर्छ ?
-२४ घण्टा
७) नेपालमा पहिलो पटक आधिकारिक ट्रेड युनियनको निर्वाचन कहिले भयको हो ?
- वि.स २०७३ असार १९
८) महिला साफ च्याम्पियन फुटबल प्रतियोगिता २०१९ को आयोजक रास्ट्र कुन हो ?
- नेपाल
९) सन् २०१८ मा सम्पन्न आइसीसी टि- ट्वान्टी महिला विश्वकप को उपाधि कसले जित्यो ?
- अस्ट्रेलिया
१०) नेपालको पहिलो बिद्यार्थी आन्दोलनको सम्झना स्वोरुप जयतु सस्कितम कहिले मनाइन्छ ?
- वि.स २०७४ असार १
११) बिश्व चर्पी दिवस कहिले मनाइन्छ
- वि.स २०७५ कार्तिक २९/३०
१२) बिश्व कला परिषदले नेपालको कुन माहानगरलाइ "कला नगरी" को उपनाम प्रदान गरेको छ ?
- ललितपुर महानगरपालिका
१३) अन्तरास्ट्रिय बाल दिवस कहिले मनाइन्छ ?
- नोबेम्बर २०
१४) सामाचकेवा पर्व कहिले मनाइन्छ
-कार्तिक शुल्क सप्तमी देखि पुर्णिमा सम्म
१५) अन्तरास्ट्रिय श्रम संगठनको प्रदान कार्यलय कहा रहेको छ ?
- जेनेभा , स्विजरल्याण्ड
१६) बिस्व एड्स दिवस कहिले मनाइन्छ
- डिसेम्बर १


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।
रास्कोट नगरपालिका कार्यालय
कालिकोट



एक घर एक करेसाबारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# ‘खाडामा ८७ होइन, ३२ घर मात्र जलेका हुन्’

**विष्नप्रसाद न्यौपाने**

**कालिकोट** - कालिकोटको पलाँता गाउँपालिका-१ को खाडा न्यौपाने गाउँमा भएको आगलागीमा नष्ट भएका घर संख्याबारे विवादास्पद तथ्यांक सार्वजनिक भएका छन्। आगलागीको १० दिनपछि प्रहरीले त्यहाँ ३२ घर मात्र पूर्ण जलेको दाबी गरेको छ भने गाउँपालिका प्रमुखले ४२ घर जले रूपमा जलेको दाबी गरेका छन् । पुस ८ गते मध्यरातको आगलागीमा ८७ घर (पूरै गाउँ) नै खण्डहरमा परिणत भएको खबर सार्वजनिक भएको थियो। जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रमुख डीएसपी विनोद शर्माले सार्वजनिक भएजस्तो परिमाणमा क्षति नभएको सूचना बिहीबार सार्वजनिक गरे । उनका अनुसार आगलागीमा खाडा न्यौपानेका ३२ घर मात्र जलेको पुष्टि भएको छ। ‘त्यसबेला म बिदामा भएकाले सम्पूर्ण विवरण एकिन रूपमा आउन सकेन’, उनले भने, ‘तर सूचना दिने प्रहरी र गाउँपालिकाका पदाधिकारीबाटै धेरैपल्ट एउटै विवरण जानुलाई सामान्य गल्तीका रूपमा मात्र लिन सकिँदैन।’ जिम्मेवार निकायबाटै बारम्बार गलत तथ्यांक दिइनुले पीडितका नाममा कमाउने दाउ रहेको उनले आशंका गरे । थोरै घर जले पनि सञ्चारमाध्यममा संख्या धेरै







आएपछि डीएसपी शर्माले आफैं संलग्न भएर अनुसन्धान गरेका थिए । अनुसन्धानपछि ३२ घर मात्र जलेको पुष्टि हुनुले धेरै जनाको मिलेमतोमा दोब्बरभन्दा बढी देखाइएको उनले दाबी गरे। अन्य आश्रित परिवारसमेत जोडेर जम्मा ४२ परिवार प्रभावित भएको प्रहरीले जानकारी दिएको छ। प्रहरीले गलत सूचना दिएर राहत पचाउने खेलमा लागेका सबैको विवरण केही दिनभित्रै सार्वजनिक गर्ने बताएको छ।

प्रहरीले ३२ घर मात्र पूर्ण जलेको पुष्टि गरिरहँदा पनि गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले ४२ वटै पूर्ण क्षति भएको दाबी गरेका छन्। ‘मैले पहिलेदेखि नै ४२ घर भन्दै आएको हुँ, हल्लाको भरमा ८७ भनियो’, उनले भने, ‘प्रहरीले भनेजस्तो ३२ घर मात्रै होइनन्। ४२ नै पूर्ण रूपमा क्षति भएका हुन्।’ राहत ८७ परिवारलाई नै वितरण गरिएको जानकारी दिँदै आएको स्थानीय प्रशासनले अहिले ४२ घरपरिवार मात्र सम्पर्कमा आएको बताएको छ। प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीले राहत बाँड्दा पीडित ४२ परिवार मात्र सम्पर्कमा आएको बताए। उनले भने, ‘राहत अहिलेसम्म ४२ घरलाई मात्र बाँडिएको छ, ४२ भन्दा बढी परिवार हामी पीडित हौं भनेर आएका पनि छैनन्।’ प्रदेश सरकारले दिने राहत प्रतिपरिवार २० हजार रुपैयाँ र जिल्ला प्रशासन कार्यालयले दिने प्रतिपरिवार १० हजार रुपैयाँका दरले वितरण गर्न सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार दुलाल र जिल्ला प्रहरी प्रमुख डीएसपी शर्मालाई खाडा पठाइएको छ। राहत र पुर्ननिर्माणका लागि आर्थिक सहयोग पाइने भएपछि केहीले तत्कालै अंशबन्डा समेत गरेको बताइएको छ। प्रदेश सरकारले उपलब्ध गराएको राहत प्रतिपरिवार २० हजार र जिल्ला प्रशासनले दिने राहत प्रतिपरिवार १० हजारका दरले २३ परिवारलाई मात्र वितरण गरिएको डीएसपी शर्माले जानकारी दिए। उनले भने, ‘आगलागीमा जलेका ३२ घरमध्ये ९ घरका परिवार कैलालीतिर स्थायी बस्दै आएका छन्, गाँउमा छैनन्। खाडामा रहेका वास्तविक अग्निपीडित २३ परिवारलाई राहत बाँडेका छौं।’ **जनप्रतिनिधिबाटै गलत**

**बाँकी ८ पृष्ठमा..**


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकोको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## 'खाडामा ८७ होइन, ३२ घर....................

**सूचना-** आगलागीपछि सहयोग खाडान्यौपानेतर्फ केन्द्रित भएपछि जनप्रतिनिधिले नै जानाजान गलत जानकारी दिएको पाइएको छ। गाउँपालिका अध्यक्ष बम, उपाध्यक्ष दानादेवी न्यौपाने र वडाध्यक्ष मानबहादुर भण्डारीले नै ६५ घरधुरी नष्ट भएको सहीछापसहितको मुचुल्का जिल्ला प्रहरी कार्यालय कालिकोटमा पुगेको छ। तर अध्यक्ष र उपाध्यक्ष दुवैले एक सातासम्म सञ्चारमाध्यममा ८७ घर जलेको जानकारी दिँदै आएका थिए। **गुमराहमा प्रदेश सरकार-**कर्णाली प्रदेश सरकार गुमराहमा परेको देखियो। राहत वितरणका लागि खाडा पुगेका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले समेत घर संख्या पुष्टि गर्ने प्रयास नगरेको पाइएको छ। ८७ घरका लागि नै राहत लिएर गएका उनले सुर्खेत फर्केपछि पनि ८७ घर जलेको नै बताएका थिए। प्रहरी प्रतिवेदन सार्वजनिक भएपछि प्रदेश सरकारका प्रवक्ता विमला केसीले भनिन्, 'हामीलाई समेत गुमराहमा पारेको देखियो, ८७ होइन भन्ने आज मात्रै थाहा पाएँ।' मन्त्रिपरिषद् बैठकले समेत खाडा पुनर्निर्माणका लागि भन्दै ८७ परिवारलाई ५ लाखका दरले आर्थिक सहयोग दिने निर्णय गरेको थियो। भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री समेत रहेकी प्रवक्ता केसीले ८७ परिवार पीडित नभएको सही भए गलत सूचना दिने जोसुकै भए पनि कारवाही गरिने बताइन्। **धेरै राहतको लोभमा संख्या बढाइयाे** धेरै राहत पाउने लोभमा क्षतिको विवरण बढाएको पाइएको छ। यसमा स्थानीय मानबहादुर भण्डारी, सूचना दिने प्रहरी, गाउँपालिका अध्यक्ष र उपाध्यक्षकै मिलेमतोमा राहत बढाउन तथ्यांक हेरफेर गरेको पाइएको हो। 'मैले त मुचुल्कामा सहीछाप गरेकै छैन, फसाउन आरोप लगाइएको हो, तर उपाध्यक्षले चाहीं गाउँलेको दबाबमा आएर गलत सूचना दिनुभएको हो', गाउँपालिका अध्यक्ष बमले भने, 'वडाध्यक्ष र उपाध्यक्ष त्यहींकै हुनुहुन्छ, गाउँलेले नै जबर्जस्ती बोल्न लगाएपछि राहत धेरै आउने आसमा धेरै बोल्नुभएको हो।'

## मुहार फेर्दै कर्णाली..............................

दृष्टिकोणले तिन देशिय ट्राजिट बन्ने छ। विकासको दृष्टिकोणले पछाडी परेको कर्णालीको बास्तविक पहिचान हुने कर्णालीवासीको भनाई छ। कर्णाली करिडोर निर्माण भए कर्णाली तिन देशको व्यापारिक मुलधार बन्ने नेकपाका नेता नगिन्द्र शाही (नेशनल) ले बताए। कर्णाली करिडोर निर्माण पुरा भए कर्णाली प्रदेश नेपाल, भारत र चीनको व्यापारसँग जोडिने भएको छ। हाल कालिकोटको लालाघाट देखि बाजुरा पीलीचौर नजिकैसम्म ७७ किलोमिटरसम्म नेपाली सेनाले ट्रक संचालनमा ल्याएको छ।

नेपाली सेना कर्णाली करिडोर सडक निर्माण कार्यदलका प्रमुख सडक (मेजर) मिलन कार्कीका अनुसार, कालिकोटको खुलालु देखि हुम्लाको सल्लीसल्लासम्म १४५ किलोमिटर रहेको छ। जसमा कालिकोट खुलालु देखि हुम्लाको सलीसल्लासम्म ९४ किलोमिटर ट्रयाक नेपाली सेनाले खुला गरेको छ। अब ५१ किलोमिटर सडक हुम्ला खण्डमा बाँकी रहेको छ। कालिकोटको ३८.५ किलोमिटर, बाजुरा ४३.५ र हुम्लाको १२ किलोमिटर सडकको ट्रयाक खुला गरिएको छ। कर्णाली करिडोर अन्तर्गत कालिकोटमा डेढ किलोमिटर, बाजुरमा ५ सय मिटर र हुम्लामा ४९ गरी ५१ किलोमिटर ट्रयाक खुला गर्न बाँकी रहेको नेपाली सेना कर्णाली करिडोर सडक निर्माण कार्यदलका प्रमुख सडक (मेजर) मिलन कार्कीले बताए। बाँकेको जमुनाहादेखि हुम्लाको हिल्सासम्म ५ सय किलोमिटर लम्वाइ रहेको छ। हुम्लाको सलिसल्ला देखि सिमकोटसम्म ५१ कलोमिटरमा सडक विभागले काम गरिरहेको छ। हुम्ला सिमिकोट देखि हिल्सासम्मा ९२ किलोमिटर लम्वाइ रहेको सेनाले जनाएको छ। उक्त कर्णाली करिडोर सम्पन्न गर्न २ अर्ब ८४ करोड १६ लाख लागत लाग्ने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७४, २०७५मा ८३ करोड रुपैयाँ कर्णाली करिडोरमा नेपाली सेनाले खर्च गरेको छ। चालु आर्थिक वर्षमा २० करोड बजेट विनियोजन गरिएको कार्यदलका प्रमुख कार्कीले बताए।

## आधुनिकतातर्फ राउटे....................

प्रदेश ५ को दाङ, कर्णालीका सुर्खेत, सल्यान, दैलेख र प्रदेश ७ का अछाम जिल्लाका जंगलमा यो जाति फिरन्ते जीवन बिताउने गर्छ। राउटेको रेखदेख का लागि तीन जना कर्मचारी नै राउटे बस्तीमा खटाइएको सामाजिक सेवा केन्द्र दैलेखका अध्यक्ष हीरासिंह थापाले बताए। एक जना अहेव र एकजोडी शिक्षक खटाइएको छ। अहेवले राउटेको स्वास्थ्य जाँच गर्छन् भने शिक्षकले महिला र पुरुषसँग कसरी आधुनिक समाजसँग घुलमिल हुने भन्ने विषयमा जानकारी गराउने गरिरहेका छन्। दुई वर्षभित्र राउटेलाई स्थायी बसाउने गरी काम भइरहेको थापाले बताए। **राउटे बालबालिकामा कुपोषण-**प्रदेश अस्पताल सुर्खेतबाट गएको चिकित्सक टोलीले अधिकांश बालबालिकामा कुपोषण देखिएको बताएको छ। प्रदेश अस्पतालका मेडिकल अधिकृत डा. लोकेन्द्र थापाले परीक्षण क्रममा ८० प्रतिशतभन्दा बढी बालबालिकामा कुपोषणको समस्या देखिएको जानकारी दिए। **लाइनमा बसेर स्वास्थ्य परीक्षणपछि औषधि लिँदै।-** डा. थापाका अनुसार वृद्धहरूमा दम तथा श्वासप्रश्वासको समस्या देखिएको छ। महिला र बालबालिका बढी प्रभावित भएकाले राउटे बस्तीमा हरेक महिना स्वास्थ्य शिविर राख्नु आवश्यक देखिएको छ। स्वस्थ खाने बानीको विकास मात्र नभई बिरामी पर्दा औषधि खाने पनि सिकाउनुपर्ने उनले बताए। राउटे बस्तीमा उज्यालो बनाउन प्रदेश सरकारले सोलारको व्यवस्थापन समेत गरेको छ। अन्नपुर्णबाट

## ८१ वर्षे उमेरमा पहिलो पटक..........

प्रमाणपत्रमा हस्ताक्षर गर्दै रिउकालाई हस्तान्तरण गरेका हुन्। उनका अनुसार जिल्लाका ग्रामिण स्तरका केही बृद्ध बुद्धाहरुले अझै नागरिकता पाएका छैनन्। आमाको नागरिकता कम प्रयोगमा आउने भएकाले जिल्लाका दुर्गम ठाउँका महिला नागरिकता लिन नआउने गरेको दुलाल बताउँछन्।


**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधैं यहाँको साथमा छौं।

हाम्रा विशेषताहरु

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक :** पवित्र शाही, **प्रवन्ध सम्पादक :** निर्मला शाही, **समाचारदाता :** लिलाराज संज्याल, **कार्यालय :** खाँडाचक्र न.पा.-१ कालिकोट, **फोन नं.** - ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३, **इमेल :** missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com **मुद्रण:** ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट